# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, वैशाख १४ गते, २०६६ साल (संख्या २

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सिस्ने शहीद स्मृति फाउण्डेशन नेपाल नामको गैरसरकारी संस्थाको लागि Nepalese Youth Club, Hong Kong बाट उपहार स्वरुप प्रदान गरिने हङ्कङ्ग डलर १,१५,१६७.०० (एक लाख पन्ध्र हजार एक सय सतसठी) मूल्य बराबरको लत्ता कपडाहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानिय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना–२

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी वैदेशिक रोजगार विभागको लागि Human Resourses Development Service of Korea बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,६९३.०० (छ हजार छ सय त्रियान्नव्वे) मूल्य बराबरको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CANON-DR-908C SCANNER आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना-३**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी संविधान सभा सचिवालयको लागि प्रजातान्त्रिक गणतन्त्र कोरियाको राजदुतावासबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ११,५००.०० (एघार हजार पाँच सय) मूल्य बराबरको २०(बीस) वटा कम्प्युटर आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना-४**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी संखुवासभा जिल्ला स्थित श्री वाला यामदाङ्ग मा.वि.को लागि त्रियोग हिमालयन ट्रष्ट, न्यूजिलैण्डबाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,२११.०० (एक हजार दुई सय एघार) मूल्य बराबरको खेलकुद स्टेशनरी सहित २९६ के.जि. शैक्षिक सामाग्री आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना-५**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो प्रयोजनको लागि विद्युत उत्पादन गर्न नयाँ जेनेरेटर आयात गर्दा उद्योग विभागको सिफारिशमा भन्सार महशुल, स्थानीय कर, मूल्य अभिवृद्धि कर तथा अन्य शुल्क तथा करहरु पूर्ण रुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएकोछ।

**सूचना-६**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल रिसर्च एण्ड एजुकेशन नेटवर्क, काठमाडौं नामको गैरसरकारी संस्थाको लागि National Science Foundation, USA बाट विद्यालय



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एवं विश्व विद्यालयहरुमा शैक्षिक सञ्जाल निर्माण कार्यक्रमको लागि उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २,४००.०० (दुई हजार चार सय ) मूल्य बराबरको HP Network Switch आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना-७**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी संविधान सभा सदस्य उपनिर्वाचनको लागि भारत सरकारबाट सहयोग स्वरुप प्रदान गरिने Electronic Voting Machine (EVM) ६९० थान समेत आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना-८**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाईटी रक्त संचार सेवा केन्द्रका लागि Croix Rouge Lusembourgeois, Luxembourg बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २६,३०६.०० (छव्वीस हजार तीन सय छ) र यूरो ३६,९९९.२० (छत्तीस हजार नौ सय उनान्सय, सेन्ट बीस) मूल्य बराबरको Blood Bank Referigerated Centrifuge far 12 bags र PBF116 Plasma Blast Freezer आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना-९**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी संविधान सभा सदस्य उपनिर्वाचनको लागि भारत सरकारबाट सहयोग स्वरुप प्रदान गरिने Electronic Voting Machine (EVM) १९० थान आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**सूचना–१०**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागको लागि International Trachoma Initiative (ITI), USA बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६०,३९,४२७.२० (साठी लाख उनान्चालीस हजार चार सय सत्ताईस, सेन्ट बीस) मूल्य बराबरको Zithromax औषधीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–११**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसवारी, काठमाडौंले देहाय वमोजिमको चिकित्सा उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विवरण | मूल्य |
|---|---|---|
| १. | Echocardiography Machine | US$ 152,000.00 |
| २. | CR X-Ray System | US$ 55,000.00 |
| ३. | Mobile X-Ray Machine | US$ 37,000.00 |
| ४. | CPR Manikin | US$ 5,588.00 |
| ५. | Infant Warmer (Overhead) | US$ 12,187.00 |

**सूचना–१२**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,८८०.०० (छ हजार आठ सय असी) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**भेषराज शर्मा**

**सह सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागु हुनेछ।